# प्रदेश राजपत्र


गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, भदौ २५ गते, २०८३ साल (सङ्ख्या ०९


## भाग २

### गण्डकी प्रदेश सरकार

### सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको सूचना

**गण्डकी प्रदेश दलित अधिकार नियमावली, २०८३**

गण्डकी प्रदेश दलित अधिकार ऐन, २०८२ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद -१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "गण्डकी प्रदेश दलित अधिकार नियमावली , २०८३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोग सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले गण्डकी प्रदेश दलित अधिकार ऐन, २०८२ सम्झनु पर्छ।

परिच्छेद-२

## उजुरी सम्बन्धी व्यवस्था

३. **उजुर गर्न सक्नेः** (१) कसैले ऐनको दफा ४ बमोजिमको कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सक्नेछ।

(२) कसैले उपनियम (१) बमोजिमको कुनै कसूर नेपाल बाहिर गरेमा सो थाहा पाउने व्यक्तिले निज बसोबास गरेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा उजुरी दिन सक्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले ऐनको दफा ४ बमोजिमको कसुर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले मौखिक, हुलाक वा अन्य माध्यमबाट प्रहरी कार्यालयमा उजुरी दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम कसैले उजुरी दिएको भए सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो उजुरीकर्तालाई झिकाई उजुरीको वेहोरा सनाखत गराउनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम उजुरी प्राप्त भएकोमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो उजुरीलाई अभिलेखीकरण गरी राख्नु पर्नेछ ।

(६) यस नियम बमोजिम कुनै उजुरी पर्न आएमा प्रहरी कार्यालयले त्यस्तो उजुरी दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा उजुरी दर्ताको भरपाई सम्बन्धित उजुरीकर्तालाई दिनु पर्नेछ ।

४. **आयोग वा स्थानीय तहमा उजुरी गर्न सक्नेः** (१) कसैले नियम ३ बमोजिम दिएको उजुरी प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानून बमोजिम आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले पन्ध्र दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा आयोग वा स्थानीय तहमा उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उजुरी पर्न आएमा आयोग वा स्थानीय तहले सो उजुरीको बेहोरा कार्यालयमा अभिलेख गरी तीन दिनभित्र उजुरी दर्ता गर्नको लागि सम्बन्धित प्रहरी कार्यालयमा अनुसूची-४ बमोजिमको ढाँचामा लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो उजुरी दर्ता गरी अनुसूची-२ बमोजिमको भरपाई सहित सम्बन्धित आयोग वा स्थानीय तहमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम भरपाई प्राप्त भएमा आयोग वा स्थानीय तहले सम्बन्धित उजुरीकर्तालाई त्यस्तो भरपाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३
## <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था</u>

**५.** **<u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा ७ को उपदफा (२) को खण्ड (ख) बमोजिम नियुक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तीकरण स्थानीय समितिको अनुगमन गर्ने र तिनको काममा सहजीकरण गर्ने,

(ख) प्रदेशस्तरीय जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तीकरण समिति एवम् जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तीकरण स्थानीय समितिको समन्वयको काम गर्ने,

(ग) जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तीकरण स्थानीय समितिका समस्या र सुझावसहित प्रदेशस्तरीय जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तीकरण समितिमा नियमित जानकारी गराउने,

(घ) प्रदेशस्तरीय जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तीकरण समितिले दिएका निर्देशन कार्यान्वयन गर्ने वा गराउने ।

## परिच्छेद-४
## सामाजिक सुरक्षा, विकास तथा सशक्तीकरण सम्बन्धी व्यवस्था

६. **शिक्षा सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा १३ बमोजिम प्रदेश सरकारले विपन्न तथा जेहेन्दार दलित विद्यार्थीलाई उच्च शिक्षासम्म अध्ययन गर्न पूर्ण छात्रवृत्तिको व्यवस्था गर्न सिपमूलक, प्राविधिक तथा व्यवसायिक शिक्षा पढ्न चाहने विद्यार्थीको लागि आवश्यक बजेट विनियोजन गरी कार्यान्वयनका लागि कार्यविधि तर्जुमा गर्नेछ ।

(२) गुरुकुल, मदरसा, गुम्बा लगायत धार्मिक एवम् साँस्कृतिक प्रकृतिका विद्यालयहरुमा अध्ययन गर्न चाहने दलित समुदायका बालबालिकाहरुलाई त्यस्ता विद्यालयले अनिवार्य रुपमा भर्ना लिनुपर्नेछ।

७. **स्वास्थ्य सम्बन्धी व्यवस्था:** ऐनको दफा १४ बमोजिम प्रदेश सरकारले विपन्न दलित व्यक्तिलाई प्रदेश सरकारले तोके बमोजिमका रोगको स्वास्थ्य जाँच र स्वास्थ्य उपचारमा छुट तथा सुविधा एवम् निःशुल्क स्वास्थ्य वीमाको व्यवस्था गर्नेछ ।

८. **सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा १५ बमोजिम दलित समुदायलाई उपलब्ध गराउने सेवा सुविधा न्यायोचित रुपमा वितरण गर्न दलित समुदाय भित्रका विभिन्न जातको जीवनस्तर, मानव विकास सूचकाङ्कको अवस्था, राजनीतिक, आर्थिक र सामाजिक अवस्था समेतलाई आधार मानी दलित समुदायको वर्गिकरणका लागि ऐनको दफा ७ बमोजिमको समितिले आवश्यक सहजीकरण गरी प्रदेश सरकारसमक्ष पेस गर्नेछ।

(२) प्रदेशभित्रका जिल्लामा रहेका हिंसा प्रभावितको लागि अल्पकालीन आश्रय सहितको जिल्ला सेवा केन्द्रमार्फत जातीय विभेदमा परेका व्यक्तिहरुलाई तत्काल उद्धार, संरक्षण, न्यायमा सहज पहुँच तथा पारिवारिक पुनर्स्थापना गरिनेछ ।

(३) दलित समुदायमा संरक्षकको अभाव भएका ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिको संरक्षण र पुनर्स्थापनाका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट सञ्चालन भएका विभिन्न बाल गृह/ गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्र/ हिंसा प्रभावितहरुको लागि अल्पकालीन आश्रयसहितको जिल्ला सेवा केन्द्र/ बाल हेल्पलाइन नं. १०९८/ मानव सेवा आश्रम/ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/ज्येष्ठ नागरिक आश्रम एवम् वृद्धाश्रम/अपाङ्गता भएका व्यक्तिहरुलाई संरक्षण गर्ने दिवा स्याहार केन्द्र/विभिन्न आवासीय विद्यालयहरु मार्फत उचित संरक्षण तथा पुनर्स्थापनाका सेवा एवम् कार्यहरु सञ्चालन हुनेछ ।

(४) दलित समुदायका व्यक्तिको सामजिक सुरक्षाको लागि प्रदेश सरकारले देहायका कार्यक्रमहरु सञ्चालन गर्नेछः-

(क) प्रदेश सरकारले दलित समुदायका व्यक्तिहरुसँग भएको ज्ञान सिप अभिवृद्धि गरी व्यावसायिकता विकास तथा स्वरोजगारी सिर्जना गर्न व्यावसायिक तालिमहरु उपलब्ध गराउनेछ,

(ख) प्रदेश सरकारले स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा दलित समुदायका व्यक्तिको नवप्रवर्तन तथा उद्यमशीलता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ,

(ग) दलित समुदायका व्यक्तिहरु तथा उनीहरुबाट सञ्चालित उद्योग व्यवसायबाट उत्पादन हुने सामग्रीको बिक्री वितरणमा प्रदेश र स्थानीय तहले सहजीकरण गर्नुपर्ने,

(घ) प्रदेश सरकार तथा स्थानीय तहले दलित समुदायका व्यक्तिलाई सिप अभिवृद्धि तथा पुनर्ताजगी तालिमको व्यवस्था मिलाउनेछ,

(ङ) दलित समुदायका व्यक्तिहरुलाई घर बहालमा दिँदा जातको आधारमा विभेद गर्न पाइनेछैन । विभेद गरेको पाइएमा कानून बमोजिम कारबाही हुनेछ ।

९. **<u>सशक्तीकरण सम्बन्धी व्यवस्थाः</u>** ऐनको दफा १६ बमोजिम दलित समुदायको हक अधिकार सुनिश्चितता, वृत्ति विकास, उत्थान, सशक्तीकरण, क्षमता अभिवृद्धि, जातीय हिंसा, भेदभाव तथा छुवाछुतको अन्त्य, दलित समुदायमा रहेका विपन्न तथा पछाडि परेका व्यक्तिलाई लक्षित गरी प्रदेश सरकारले देहायका कार्यक्रमहरु सञ्चालन गर्नेछः-

(क) प्रदेश सरकारले दलित समुदायको हक अधिकार सुनिश्चितताका लागि कानूनी अधिकारको प्रभावकारी कार्यान्वयन गर्न तथा संविधानमा भएका समानता, भेदभाव निषेध, सामाजिक न्याय र समान अवसर सृजना गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ख) जातीय छुवाछुत, भेदभाव र बहिष्करण विरुद्धका पाठ्यसामग्रीहरु विद्यालय पाठ्यक्रममा समावेश गर्ने तथा सचेतनामूलक कार्यक्रमहरु समुदायस्तरबाट सञ्चालन गर्ने,

(ग) पीडितलाई छिटो न्याय, निःशुल्क कानूनी सहायता र उचित क्षतिपूर्ति उपलब्ध गराउने जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने,

(घ) दलित बालबालिकाको शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिका लागि छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा स्टेशनरी उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्ने,

(ङ) दलित समुदायका व्यक्तिहरुको रोजगारी र आर्थिक सशक्तीकरणका लागि सरकारी तथा निजी क्षेत्रमा आरक्षण र समानुपातिक समावेशी रोजगारी नीति प्रभावकारी बनाउने कार्यक्रमहरु सञ्चालन गर्ने,

(च) सिप विकास, उद्यमशीलता, सहुलियत ऋण र व्यवसाय अनुदानका कार्यक्रम सञ्चालन गर्ने,

(छ) बालविवाह, हिंसा, मानव बेचबिखन र श्रम शोषण जस्ता कार्यहरु रोक्न लक्षित कार्यक्रम सञ्चालन गर्ने।

१०. **<u>परम्परागत सिप, कला, पेशा, ज्ञानको सम्बर्द्धनः</u>** प्रदेश सरकारले ऐनको दफा १८ बमोजिम दलित समुदायको कला, पेशा, ज्ञान, सिप र प्रविधि संरक्षण, विकास र व्यावसायीकरणको लागि देहायका कार्यक्रमहरु सञ्चालन गर्नेछः-

(क) प्रदेश सरकारले दलित समुदायमा रहेका परम्परागत सिपहरूको नक्साङ्कन (mapping) गर्ने जस्तैः फलाम तामा सम्बन्धी काम, सुनचाँदी, छाला सम्बन्धी काम, बाजा बनाउने तथा बजाउने, सिलाइ कटाई, काष्ठ/शिल्पकला आदि कार्यहरु गर्ने एवम् ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभव दस्तावेजीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा दलित समुदायमा रहको सिप हस्तान्तरणका लागि विद्यालय वा समुदायस्तरमा अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रमका साथै युवालाई आधुनिक डिजाइन, फिनिसिङ, प्याकेजिङ र बजार आवश्यकताअनुसार तालिमका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ग) दलित समुदायका युवाहरुलाई आधुनिक प्रविधिसँग जोड्नका लागि परम्परागत पेशालाई नयाँ मेसिन, उपकरण र प्रविधि उपलब्ध गराउने, उत्पादनको गुणस्तर सुधार, दिगोपना र समय बचतका उपाय सिकाउने, डिजिटल मार्केटिङ र सामाजिक सञ्जालमार्फत बिक्री गर्ने सिप विकासका कार्यक्रम सञ्चालन गर्ने,

(घ) प्रदेश सरकारले सङ्घीय सरकार र स्थानीय तहसँगको समन्वयमा उद्योग व्यवसाय सञ्चालन गरेका तथा गर्न चाहने दलित समुदायका व्यक्तिको उद्योग र व्यवसायको स्थापना, सञ्चालन तथा स्तरोन्नतीका लागि सहजीकरण, विनाधितो वा सहुलियत दरमा ऋण , अनुदान वा प्रविधि सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ साथै समूहमा आधारित सामूहिक उत्पादन केन्द्र बनाउने जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने,

(ङ) प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी विभिन्न मेला तथा महोत्सवहरुमा प्रदर्शनी तथा बजार प्रवर्द्धनका लागि स्थानीय मेला, प्रदर्शनी, हस्तकला उत्सव तथा साँस्कृतिक महोत्सव मार्फत दलित समुदायका उत्पादनलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसँग जोड्ने कार्यक्रमहरु सञ्चालन गर्ने,

(च) दलित समुदाय वा व्यक्तिसँग रहेको परम्परागत ज्ञान, सिप, पेशा र प्रविधिको पहिचान, संरक्षण, विकास र व्यवसायीकरणका लागि आधुनिक बजारसँग जोड्ने (जस्तै हस्तकला, धातुकला, काष्ठकला, शिल्पकला आदि) कार्यक्रमहरु सञ्चालन गर्ने ।

**११.** **<u>समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गराउनुपर्नेः</u>** ऐनको दफा १७ बमोजिम प्रदेश सरकारका सबै निकाय तथा संरचनामा दलित समुदायको समानुपातिक समावेशी सहभागिता तथा प्रतिनिधित्वको सुनिश्चितता प्रदेश सरकारले गर्नु पर्नेछ ।

## परिच्छेद-५
## विविध

१२. **पदाधिकारीको सेवा सुविधाः** (१) ऐनको दफा ७ को उपदफा (६) बमोजिमको उपाध्यक्ष पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(२) उपाध्यक्षले प्रदेश सरकारको दशौं तहको अधिकृत सरहको सुरु तलब बराबर पारिश्रमिक, बैठक भत्ता र नियमानुसार चाडपर्व खर्च पाउनेछ।

(३) उपाध्यक्षको बिदा, काज तथा अन्य सुविधा देहाय बमोजिम हुनेछः-

(क) उपाध्यक्षले वार्षिक रूपमा ६ दिन भैपरी तथा पर्व विदा पाउनेछ। यस्तो बिदा आफैंले स्वीकृत गर्न सक्नेछ।

(ख) उपाध्यक्षले वार्षिक रूपमा १२ दिन घर बिदा र १२ दिन विरामी बिदा पाउनेछ।

(ग) उपाध्यक्षले प्रदेश निजामती कर्मचारी सरह किरिया बिदा, प्रसुति बिदा र प्रसुति स्याहार बिदा पाउनेछ।

(४) उपनियम (३) को खण्ड (ख) र (ग) बमोजिमको बिदा लिँदा मन्त्रालयको सचिवको स्वीकृति लिनु पर्नेछ।

(५) कार्यालयको कामको सिलसिलामा स्वदेशमा भ्रमण गर्नु परेमा सचिवबाट काज स्वीकृत गराउनु पर्नेछ।

(६) उपाध्यक्षको पदावधि नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ।

(७) ऐनको दफा ७ को उपदफा (२) बमोजिम गठित समितिका सदस्यहरु तथा पदाधिकारीहरुले प्रचलित कानून बमोजिम वैठक भत्ता र यातायात खर्च पाउनेछन् ।

(८) समितिको बैठक बर्षको कम्तीमा तीन पटक र आवश्यकता अनुसार जुनसुकै बेला बस्न सक्नेछ।

१३. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

## अनुसूची-१

(नियम ३ को उपनियम (१) र (२) सँग सम्बन्धित)

## उजुरीको ढाँचा

श्री.........................मा दिएको                                        प्रहरी कार्यालयले भर्ने
प्रहरी कार्यालयको नाम र ठेगाना                                        दर्ता नं.
                                                                                दर्ता मितिः

## उजुरी

१. पीडितको नामथर र ठेगानाः
२. कसूर गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलियाः
३. कसूर भएको वा हुन लागेको स्थान, मिति र समयः
४. कसूरको बेहोराः

५. सम्बन्धित कुनै प्रमाण भए सो विवरणः

६. सम्बद्ध अन्य बिषय विवरणः

यस उजुरीको बेहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । प्रहरीद्वारा केस तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनपर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

उजुरीकर्ताकोः-
दस्तखतः-
मितिः-

## अनुसूची-२

(नियम ३ को उपनियम (६) र नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

## उजुरीको भरपाई

बिषय- जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसुर बारे ।

....................................(उजुरीकर्ताको नाम) को मिति........................... को उजुरी प्राप्त भई यस प्रहरी कार्यालयको दर्ता किताबमा मिति ...............................मा दर्ता भयो ।

कार्यालयको छापः
दर्ता नं.

उजुरी दर्ता गर्ने प्रहरी कर्मचारीको,-
दस्तखतः
नामः
पदः
कार्यालयः
मितिः

## अनुसूची-३

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

## उजुरीको ढाँचा

श्री.........................(आयोग/स्थानीय तहको नाम) मा दिएको

## उजुरी

१. उजुरीकर्ताको नाम, थर र ठेगानाः
२. कसूर गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलियाः
३. कसूर भएको वा हुन लागेको स्थान, मिति र समयः
४. कसूरको बेहोराः

५. सम्बन्धित कुनै प्रमाण भए सो विवरणः

६. सम्बद्ध अन्य बिषय विवरणः
७. उजुरी दर्ता गर्न इन्कार गर्ने प्रहरी कार्यालयको नाम र ठेगानाः
८. प्रहरी कार्यालयले उजुरी दर्ता गर्न इन्कार गरेको मितिः
९. उजुरी दर्ता गर्न इन्कार गर्नुको कारण

यस उजुरीको बेहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला। प्रहरीद्वारा केस तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनपर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

उजुरीकर्ताकोः-
दस्तखतः-
मितिः-

## अनुसूची-४

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**आयोग वा स्थानीय तहले प्रहरी कार्यालयमा लेखी पठाउने सूचनाको ढाँचा**

श्री ................................... (प्रहरी कार्यालयको नाम र स्थान)

गण्डकी  प्रदेश दलित अधिकार ऐन, २०८२ को दफा .... बमोजिमको कसूर सम्बन्धमा त्यस कार्यालयमा मिति................मा .............................ले दिएको उजुरी त्यस कार्यालयबाट दर्ता गर्न इन्कार भएको भनी यस ..........................(आयोग वा स्थानीय तहको नाम र ठेगाना) मा निजले उजुरी दर्ता गराएको हुँदा सम्बन्धित व्यक्तिको नाममा उजुरी दर्ता गरी कानून बमोजिम दर्ताको भरपाई यस ............................ ..........................(आयोग वा स्थानीय तहको नाम र ठेगाना) मा उपलब्ध गराइदिनुहुन निजले दिएको उजुरी यसैसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध छ ।

सम्बन्धित अधिकारीको,-
दस्तखतः
नामः
पदः
कार्यालयः
मितिः

आज्ञाले,
डा. शेषनारायण पौडेल
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.२५।-